प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# दूध चिस्यान केन्द्रका लागि चिलिङ्ग-भ्याट स्थापना कार्यविधि, २०७५

**प्रस्तावना:** प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को बजेट तथा कार्यक्रममा दूध चिस्यान केन्द्रका लागि चिलिङ्ग-भ्याट स्थापना कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था भएकोले प्रदेश नम्बर तीनमा स्वच्छ, स्वस्थ एवं गुणस्तरीय दूध उपभोक्ता समक्ष उपलब्ध गराउने उद्देश्यले दुग्ध उत्पादक सहकारी संस्थासँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न मन्त्रिपरिषदबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधि नाम दूग्ध चिस्यान केन्द्रका लागि चिलिङ्ग-भ्याट स्थापना कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,-

(क) **"कार्यालय"** भन्नाले कार्यालय सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको **दुग्ध चिस्यान केन्द्रका लागि** चिलिङ्ग-भ्याट स्थापना कार्यक्रम सम्बन्धी स्वीकृत बार्षिक कार्यक्रम र वजेट सम्झनु पर्छ ।

(ग) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(घ) **"दुर्गम क्षेत्र"** भन्नाले नेपाल सरकारले तोकेको भौगोलिक अवस्था(नजिक दुग्ध संकलन केन्द्र नभएको) क्षेत्र सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(छ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(ज) **"साझेदार संस्था"** भन्नाले दुग्ध व्यवसायमा संलग्न सहकारी संस्था सम्झनु पर्छ ।

(झ) **"सुगम क्षेत्र"** भन्नाले नेपाल सरकारले तोकेको विभाजन अनुसारको भौगोलिक क्षेत्र सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) दूधको गुणस्तर कायम राख्ने ।

(ख) पशुजन्य पदार्थको आयत कम तथा निर्यात प्रवर्द्धन गर्न सहयोग गर्ने ।

(ग) दूधमा आत्मनिर्भर हुने ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद -२

## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारीस गर्न मन्त्रालयमा सार्वजनिक खरिद ऐन-२०६३ र सार्वजनिक खरिद नियमावली-२०६४ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

(२) प्रचलित कानूनमा व्यवस्था भए बमोजिम अतिरिक्त मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्ड तयार गरी स्वीकृतीका लागि मन्त्रालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतीका लागि मन्त्रालयमा पेश गर्ने ।

५. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, दफा ४ बमोजिमको समिति, निर्देशनालय र कार्यालयले आवश्कता अनुसार गर्नेछ । सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) यस कार्यक्रमको अनुगमन सम्बन्धित प्रदेश सभा सदस्य र जिल्ला समन्वय समितिले समेत गर्न सक्नेछ ।

## परिच्छेद -३

## कार्यक्रम संचालन प्रक्रिया

६. **कार्यक्रम सञ्चालनः** यस आर्थिक वर्ष २०७५/०७६ मा प्रदेश नम्बर तीनका दुग्ध उत्पादक सहकारी संस्थासँगको लागत साझेदारीमा पच्चिस वटा चिलिङ्ग-भ्याट स्थापना गरिने छ । जस अनुसार पाँच सय, एक हजार र दुई हजार लिटर क्षमताका चिलिङ्ग-भ्याटहरु साझेदार संस्थाको माग अनुसार स्थापना गरिने छ । विगतका क्रमशः दुई वर्षसम्म चिलिङ्ग-भ्याट स्थापना सम्बन्धी अनुदान नलिएका साझेदार संस्थालाई प्राथमिकता दिईने छ ।घटिमा ६ वटा चिलिङ्ग-भ्याट दुर्गम क्षेत्रमा वितरण गरिने छ ।

७. **प्रस्ताव आह्वानः** चिलिङ्ग-भ्याट आवश्यक भएका साझेदार संस्थाबाट प्रस्ताव पेश गर्न पन्ध्र दिनको समय अवधी दिई मन्त्रालयले अनुसूची-१ बमोजिमको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नेछ ।

८. **प्रस्ताव दर्ताः** दफा ७ बमोजिमको समय अवधी भित्र साझेदारी गर्न ईच्छुक संस्थाले सम्बन्धित निकायले दिएको सिफारिस-पत्र, अनुसूची-३ बमोजिम लागत साझेदारी गर्ने प्रतिबद्धता-पत्र, अनुसूचि ४ बमोजिम कार्ययोजना तयार गरी मन्त्रालय वा सम्बन्धित कार्यालयमा अनुसूची-२ बमोजिम आवेदन-पत्र दर्ता गराउनु पर्नेछ ।दर्ता भएका आवेदनहरु संकलन गरी कार्यालयले यथाशिघ्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

९. <u>साझेदार संस्थाको छनौटः</u> दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची-५ बमोजिम आवेदकको मूल्याङ्कन गरी प्राप्ताङ्कलाई सिलिसिलेवार क्रममा कम्पाईल गरी स्वीकृतका लागि मन्त्रालयमा पेश गर्नेछ । आवेदकले प्राप्त गरेको प्राप्ताङ्क र पेश गरेको कार्ययोजना मन्त्रालयले स्वीकृत गरी साझेदार संस्थाको छनौट गर्नेछ ।

१०. <u>आवेदकलाई जानकारीः</u> साझेदार संस्था छनौटको निर्णय भए लगत्तै साझेदार संस्थालाई कार्यालयले जानकारी दिनु पर्नेछ ।

११. <u>सम्झौताः</u> (१) जानकारी दिएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित साझेदार संस्थाले मन्त्रालयसँग अनुसूची-६ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समय अवधी भित्र सम्झौता गर्न नआएमा क्रमशः दोश्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिने छ ।

(३) दफा ७ बमोजिम प्रस्ताव आह्वान गर्दा प्रस्ताव नपरेमा वा एक मात्र प्रस्ताव परी सम्झौता गर्न नआएमा मन्त्रालयले पुनः प्रस्ताव आह्वान गर्नेछ ।

## परिच्छेद -४
## <u>कार्यक्रम सञ्चालनको आर्थिक पक्ष</u>

१२. चिलिङ्ग-भ्याट स्थापना अनुदान रकम प्राप्त गर्न साझेदार संस्थाले मन्त्रालयमा विल/भर्पाई पेश गर्नु पर्नेछ । विल/भर्पाईको भुक्तानी गर्दा मन्त्रालयले साझेदार संस्थाको खातामा एकमुष्ठ रकम जम्मा गर्नेछ ।

१३. रकम भुक्तानी गर्दा अनुदान रकमको तिन प्रतिशत कन्टेन्जेन्सी स्वरुप राखिने छ । जुन रकम अनूगमन, प्रतिवेदन तयारी, बैठक खर्च तथा अन्य प्रशासनिक कार्यको लागि मन्त्रालयले खर्च गर्नेछ ।

१४. विनियोजित बजेटबाट पाँच सय, एक हजार, दुई हजार लीटरका चिलिङ्ग-भ्याट सत्तरी प्रतिशत अनुदानमा स्थापना गर्दा अनुदान रकम रु. छ लाख र प्राप्त विल/भर्पाईको रकम मध्ये जुन कमी छ, त्यही रकम भुक्तानी गरिने छ । बाँकी तिस प्रतिशत रकम साझेदार संस्थाले व्यहोर्नु पर्नेछ ।

१५. यस कार्यक्रमको लेखा, लेखांकन, लेखा परिक्षण तथा आर्थिक कारोवार सम्वन्धी अन्य व्यवस्था प्रचलित ऐन/नियम अनुसार हुनेछ ।

१६. <u>प्रगति पठाउने प्रकृयाः</u> (१) साझेदार संस्थाले मासिक रुपमा प्रगति प्रतिवेदन मन्त्रालय वा कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कम्पाईल गरी कार्यालयले मन्त्रालयमा पठाउनु पर्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

१७. <u>कार्यक्रमको प्रभावकारीता:</u> कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनासँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

१८. <u>संशोधन:</u> यो कार्यविधि कार्यान्वयन सम्बन्धी बाधा अडचन मन्त्रालयले फुकाउन सक्नेछ ।

१९. <u>वचाउ:</u> यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलित कानून बमोजीम हुनेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# अनुसूची -१

## प्रस्ताव आव्हानको सूचना

(दफा ७ संग सम्बन्धित)

प्रथम पटक प्रकाशित मितिः ………………

आर्थिक वर्ष … … को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार दुग्ध व्यावसायमा संलग्न सहकारी संस्थासँगको लागत साझेदारीमा दुध चिस्यान केन्द्रका लागि चिलिङ्ग-भ्याट स्थापना र सञ्चालन गर्नका लागि इच्छुक सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र आईपुग्ने गरी सम्बन्धित निकायले दिएको सिफारिस-पत्र, अनुसूची-३ बमोजिम लागत साझेदारी गर्ने प्रतिबद्धता-पत्र, अनुसूचि ४ बमोजिम कार्ययोजना र अनुसूचि २ अनुसारको निवेदन दर्ता गर्नु हुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदन छनौटका लागी समावेश नहुने ब्यहोरा जानकारी गराईन्छ । थप जानकारीको लागि मन्त्रालय वा सम्बन्धित कार्यालयमा सम्पर्क गर्नु हुन समेत अवगत गराईन्छ ।

प्रस्ताव-पत्रसाथ संलग्न हुनुपर्ने कागजातहरुः

(१) रु.१०।- को हुलाक टिकट टाँस गरेको निवेदन ।

(२) कार्यालयको सिफारिस ।

(३) चिलिङ्ग-भ्याट वितरण गर्न स्थानिय निकायले दिएको अनुमती-पत्र ।

(४) लिजमा लिएको जग्गाको हकमा कम्तिमा दश वर्षको करारनामा वा सम्झौता पत्रको प्रतिलिपि ।

(५) आधिकारिक निकायमा सहकारी संस्था दर्ता नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।

(६) सहकारी संस्था हकमा स्थायि लेखा नम्बर (PAN) दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपि।

(७) कार्य समितिको निर्णय प्रतिलिपि ।

(८) प्रस्तावकले लागत साझेदारी गर्ने र अन्य निकायवाट अनुदान लिए/नलिएको प्रतिबद्धता-पत्र ।

(९) प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा
सहकारी मन्त्रालय
प्रदेश नं. ३, हेटौंडा

अनुसूचि -२

(दफा ८ संग सम्बन्धित)

**प्रस्ताव पेश गर्न दिईने आवेदन**

मितिः

श्रीमान् प्रदेश सचिवज्यू
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
प्रदेश नं. ३, हेटौंडा ।

विषयः प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

तहाँ मन्त्रालयले मिति ........................ गते .......... राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सहकारी संस्थाको लागत साझेदारीमा दुध चिस्यान केन्द्रका लागि चिलिङ्ग-भ्याट स्थापना सम्बन्धी प्रस्ताव आह्वान गरे अनुसारको कार्यक्रममा साझेदारी गर्न ईच्छुक भई तपशिल अनुसारको कागजात यसैसाथ संलग्न गरी आवश्यक कारवाहीको लागी निवेदन पेश गरेको छौ ।

प्रस्ताव-पत्रसाथ संलग्न गरिएका कागजातहरुः

(१) रु.१०।- को हुलाक टिकट टाँस गरेको निवेदन ।
(२) कार्यालयको सिफारिस ।
(३) चिलिङ्ग-भ्याट वितरण गर्न स्थानिय निकायले दिएको अनुमती-पत्र ।
(४) लिजमा लिएको जग्गाको हकमा कम्तिमा दश वर्षको करारनामा वा सम्झौता पत्रको प्रतिलिपि ।
(५) आधिकारिक निकायमा सहकारी संस्था दर्ता नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
(६) सहकारी संस्था हकमा स्थायि लेखा नम्बर (PAN) दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपि।
(७) कार्य समितिको निर्णय प्रतिलिपि ।
(८) प्रस्तावकले लागत साझेदारी गर्ने र अन्य निकायवाट अनुदान लिए/नलिएको प्रतिबद्धता-पत्र ।
(९) प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान ।

जिम्मेवार पदाधिकारीको
हस्ताक्षरः
मितिः
नामथरः
पदः
संस्थाको नाम, ठेगानाः
संस्थाको छापः

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

**अनुसूचि -३**

(दफा ८ संग सम्बन्धित)

**लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र**

मितिः

श्रीमान् प्रदेश सचिवज्यू
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
प्रदेश नं. ३, हेटौंडा ।

विषयः लागत साझेदारी गर्ने प्रतिवद्धता जाहेर गरिएको बारे ।

महोदय,

तहाँ मन्त्रालयको मिति ................. गते ...... राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सहकारी संस्थाको लागत साझेदारीमा आधारित चिलिङ्ग-भ्याट स्थापना सम्बन्धी प्रस्ताव आह्वान गरिए अनुसार हाम्रो संस्थाले कार्यक्रम कार्यान्वयनका लागी अन्य निकायबाट रु. ................. अनुदान प्राप्त हुने भएकोले/अन्य निकायबाट अनुदान प्राप्त नभएको हुंदा प्रस्तावित कुल लागत रु. ................. को कम्तीमा ....... ले हुन आउने रकम रु. ...................... (अक्षरुपी रुपैयाँ ............................................................ मात्र। ) हाम्रो संस्थाकै आन्तरिक श्रोतबाट ब्यहोर्ने हाम्रो संस्थाको निर्णय अनुसार प्रतिवद्धता जाहेर गर्दछौं ।

जिम्मेवार पदाधिकारीको

हस्ताक्षरः
मितिः
नामथरः
पदः
संस्थाको नाम, ठेगानाः
संस्थाको छापः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# अनुसूचि -४

(दफा ८ संग सम्बन्धित)

**प्रस्तावित कार्ययोजना**

| क) प्राविधिक प्रस्तावः | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवदेकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं., फ्याक्स् नं., मोवाइल नं. | |
| ६ | आवेदकको email address | |
| ७ | आवेदक सहकारी संस्थाको दर्ता नम्बर | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | |
| ९ | आवेदक सहकारीसंस्था (दर्ता वा स्थापना पश्चातको अवधी वर्षमा) | |
| १० | पान दर्ता नम्बर | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| १२ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | |
| १३ | सम्बन्धित कार्यालयसंग माग गरेको रकम रु. | |
| १४ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | |

उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु/छौं । कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं ।

जिम्मेवार पदाधिकारीकोः
नामः
पदः
हस्ताक्षरः
मितिः
साझेदार संस्थाको छापः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूचि -५

(दफा ९ संग सम्बन्धित)

**साझेदार संस्थाको छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु**

| क्र.सं. | द.नं. | आवेदक संस्थाको नाम | ठेगाना | चिलिङ्ग भ्यटको क्षमता (२०) | दुग्ध उत्पादक कृषक सदस्य संख्या (२०) | दैनिक दुध संकलन परिमाण लिटर (२०) | हालसम्म सेवा प्राप्त नगरेको भूगोल र समुदाय (१०) | अभिलेख व्यवस्थापन (२०) | दुर्गम भौगोलिक क्षेत्र (१०) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूचि -६
### (दफा ११ को उपदफा (१) सँग सम्वन्धित)
### द्विपक्षिय संझौता-पत्र

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौंडा आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत साझेदारीमा दुध चिस्यान केन्द्रका लागि चिलिङ्ग-भ्याट स्थापना सम्बन्धी मिति .................... गतेको ................. राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये मिति ...................... मा बसेको मूल्याँन समितीको बैठकबाट श्री ............................................................................ को प्रस्ताव छनौट भएको हुंदा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (यसपछि प्रथम पक्ष भनिने) र श्री ................................................................................ (यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी दुध चिस्यान केन्द्रका लागि चिलिङ्ग-भ्याट स्थापना कार्यक्रम संचालनका लागी द्वि-पक्षिय सम्झौतागरि बुझिलियौं/दियौं ।

तपशिलः

१. प्रथम पक्षले लागत साझेदारीमा आधारित चिलिङ्ग-भ्याट वितरण सम्बन्धी कार्यक्रमको लागी विनियोजित रु. .................... मध्ये तिन प्रतिशत कन्टिन्जेन्सी वापतको रु .......................... कट्टा गरी दोश्रो पक्षलाई रु. ................. ( अक्षरुपी ..............................................................) बराबरको आर्थिक अनुदान /सामग्री सहयोग प्रदान गर्नेछ ।

२. दोश्रो पक्षले बांकी रकमको व्यवस्था गरी प्रदेश नं. ३को ................. महानगरपालिका /उप-महानगरपालिका /नगरपालिका /गाउँपालिका, ....... नं. वडाको ................... भन्ने स्थानमा यसै आर्थिक वर्षको अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र स्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

४. कार्यक्रम संचालनका लागी आवस्यक निर्माण सम्बन्धी डिजाईन, इष्टिमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदी दोश्रो पक्षले गर्नेछ ।

५. दोश्रो पक्षले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवस्यक अन्य कागजात सहित भुक्तानीका लागी प्रथम पक्ष समक्ष निवेदन पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैङ्क खातामा एकमुष्ठ भुक्तानी प्रथम पक्षले दिनेछ । वा

६. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन /निरिक्षण गरी सम्झौता मुताविक कार्य भए /नभएको हेर्न र आवस्यक सल्लाह सुझाव दिन सक्नेछ ।

७. दोश्रो पक्षले कार्यक्रम संचालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा

८. कार्यक्रम सन्चालनका दौरान वा सम्पन्न भए पश्चातको सन्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु सम्बन्धित प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१०. कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

१२. द्विपक्षिय सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा पथम पक्षले एक पटकका लागी सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाँकी-बक्यौता सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

| **दोस्रो पक्षको तर्फबाटः** | **प्रथम पक्षको तर्फबाटः** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नामः | कार्यालयः |
| संस्थाको छापः | कार्यालयको छापः |

**रोहवर**

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नामः | कार्यालयः |
| संस्थाको छापः | कार्यालयको छापः |

इति सम्वत् .............. साल ................ महिना ......... गते रोज ........ शुभम् ।